मुख्यमन्त्री

माननीय मुख्यमन्त्रीको निजी सचिवालय
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

## गणतन्त्र दिवसको शुभकामना

देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी/ दाजुभाइमा गणतन्त्र दिवसका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु । नेपालमा गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा ज्यान गुमाउने ज्ञात अज्ञात सहिदहरुप्रति म यस अवसरमा भावपूर्ण श्रद्धाञ्जली, घाइते, अपांगता भएकाहरुको स्वास्थ्य लाभको कामनासहित बेपत्ता हुनेहरुका परिवारजनमा सहानुभूति प्रकट गर्दछु ।

२०६२/६३ को आन्दोलन र त्यसअधिका राजनीतिक घटनाक्रमका प्रभावकै कारण नेपालमा २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट नेपालमा राजतन्त्रको अन्त्य गरी गणतन्त्र घोषणा गरिएको हो । त्यसैलेको उपलब्धिस्वरुप अहिले मलुकमा संघीय गणतान्त्रिक शासन व्यवस्था कार्यान्वयनमा आएको छ । पटक/पटकका आन्दोलनबाट प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्दै मुलुकलाई समृद्धिको चुलीमा पुऱ्याउनु अहिलेको महत्वपूर्ण जिम्मेवारी हो ।

युवाशक्तिलाई स्वदेशमै रहने वातावरण सिर्जना गरी रोजगारीका साथमा उत्पादन बढाउने र पारदर्शिताका साथ सुशासन कायम गर्न सकेमा मात्र शासन व्यवस्था सुदृढ र प्रभावकारी हुन्छ । गण्डकी प्रदेश सरकार स्थापनादेखि नै सुशासन र समृद्धिका लागि प्रतिबद्ध छ ।

भर्खरै मात्र स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । यहि वर्षभित्र प्रतिनिधिसभा र प्रदेश सभा सदस्यको निर्वाचन हुँदैछ । आवधिक निर्वाचन नै लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष हो । संविधानसभामार्फत् बनेको संविधान र त्यसैमा टेकेर बनेका ३ तहका सरकारलाई अझ जनमुखी र प्रभावकारी बनाउने सबैभन्दा ठूलो शक्ति नै राजनीतिक दलहरुको प्रतिबद्धता हो ।

कुनै पनि व्यवस्था सफलताको सूचक नागरिक सन्तुष्टि हो । यस सन्दर्भमा नागरिक समाज, निजी क्षेत्र, राजनीति दलसहित सम्पूर्ण देशवासी एकजुट भएर अगाडि बढ्न यस दिवसले हामी सबैलाई प्रेरणा मिलोस् भन्दै हार्दिक शुभकामना प्रकट गर्दछु ।

२०७९ जेठ १५

कृष्णचन्द्र नेपाली पोखरेल